

# १२ युगको चाहना र आशा

<u>*यस अध्यायका मूल पदहरू*</u>: **यशैया ५९, यशैया ५९:१५-२१, यशैया ६०:१,२, यशैया ६१ र यशैया ६१:२।**

<u>*यस अध्यायको मूल सार पद:*</u> **"अन्य जातिहरू वा अयहूदी जातिहरू तिम्रो प्रकाशमा आउनेछन् र राजाहरू तिम्रो ज्योतिको चमकमा आकर्षित हुनेछन्" (यशैया ६०:३ रूपान्तरित)।**

"यस संसारमा र आउने संसारको येशूको निरन्तर स्कूलमा हामी सिकिरहनै पर्छ। हामीहरूको कुनै अथक प्रयास वा कामले होइन तर येशूको धार्मिकतालेमात्र उहाँका अनुग्रहको करारका आशिषहरूको एकमात्र आशिष भएतापनि पाउन हामी योग्य हुन्छौं। परमेश्वरले प्रदान गर्नुहुने धेरै आशिषहरू हामीले पाउन धेरै चाहना गर्‍यौं र त्यसको लागि प्रयास पनि गर्‍यौं। तर परमेश्वरका आशिषहरूको उपभोग हामीले गर्न सकेका छैनौं किनभने ती आशिषहरूको निम्ति योग्य हुन हामीले केही न केही गर्नुपर्छ भनेर सोच्दछौं। हामीहरू हाम्रै ज्ञानको ढिपीमा चलिरहेका हुन्छौं र आफैतिर फर्किरहेकाहुन्छौं। येशू जीवित मुक्तिदाता हुनुहुन्छ उहाँतिर हाम्रो नजर राख्नुपर्छ भन्ने आत्मज्ञालाई वेवास्ता गर्छौं। हामीहरूको धर्मकर्म, परोपकारीय काम र हामीले गर्ने अनुग्रहीय कामले हामीलाई परमेश्वरबाट श्यावास पाउँछौं वा मुक्ति पाउँछौं भनेर सोच्नु पनि गलत हो। हाम्रो मुक्तिको आशा केवल येशू ख्रीष्टको अनुग्रहमात्र हो। उहाँको अगमवक्ताद्वारा प्रभुले यो प्रतिज्ञा गर्नुभएको छ, "दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र ऊ परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ। हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैंमा प्रसस्त क्षमा गर्नुहुनेछ" (यशैया ५५:७ रूपान्तरित)। परमेश्वरको यो खुला प्रतिज्ञालाई हामीले विश्वास गर्नैपर्छ। परमेश्वरका

प्रतिज्ञाहरू भावानात्मकरूपमा होइन विश्वासद्वारा स्वीकार्नुपर्दछ। जब हामी परमेश्वरलाई पूर्णरूपमा विश्वास गर्छौं वा उहाँको आस्थामा रहन्छौं, जब हामी पापलाई क्षमा दिनुहुने उद्धारकर्ताको पूण्य कार्यमा भर पर्छौं तब हामीले चाहना गरेका सबै सहयोग प्राप्त गर्न सक्छौं।"-एलेन जी ह्वाइट, फेथ एण्ड वर्कस्, पृ. ४६बाट रूपान्तरित।

यस अध्यायमा अगमवक्ता यशैयाका लेखहरूमा प्रकट गरिएका यो महान् सत्यलाई अझ धेरै हेर्न प्रयास गर्नेछौं।

## १. पापका असरहरू (यशैया ५९)

यशैया ५८:२मा मानिसहरूले परमेश्वरलाई सोध्छन्, "हामी किन उपबास बस्ने त? तपाईंले हामीलाई हेर्नैहुन्न? हामी किन नम्र हुने, तपाईंलाई वास्तै छैन?" (रूपान्तरित)।

त्यसको बिपरित यशैया ५९:१ले अर्को प्रश्नको आभास् हामीलाई दिन्छ, मानौं तिनीहरूले यी सोध्दैछन्, "हामीलाई उद्धार गर्न परमेश्वरको हात अघि बढाउन हामीले किन माग्ने? किनभने उहाँले हामीतिर उहाँको हात बढाउनुहुन्न। उहाँसँग चिच्याएर रोएर किन प्रार्थना गर्ने? किनभने उहाँले सुन्नुहुन्न। परमेश्वरले सुन्नुहुन्छ र उद्धार गर्न सक्षम् हुनुहुन्छ भनेर यशैयाले जिकिर गर्छन् (यशैया ५९:१)। तर उहाँले किन सुन्नुहुन्न र उद्धार गर्नुहुन्न? यो त एकदम अर्कै मामिला हो।

**यशैया ५९:१मा सोधेको प्रश्नको जवाफ यशैया ५९:२मा दिएको सन्देशमा के छ? हेर्नुहोस्, " १ निश्चय नै परमप्रभुको हात बचाउन नसक्ने गरी छोटो भएको छैन, न त उहाँको कान सुन्न नसक्ने गरी बाक्लो भएको छ। २ तर तिमीहरूका अधर्मले तिमीहरूलाई आफ्ना परमेश्वरबाट अलग गरेका छन्, र तिमीहरूका पापले गर्दा उहाँको मुहार तिमीहरूबाट छेकिएको छ, र उहाँले तिमीहरूको कुरा सुन्नुहुनेछैन।"**

आफ्ना जनहरूको आवाजलाई ध्यान नदिने निर्णय परमेश्वरले गर्नुहुन्छ। यो कदम चाल्न परमेश्वरको चाहना भएकोले होइन तर किनभने "तिमीहरूका पापहरू तिमीहरूको परमेश्वर र तिमीहरूको बीचमा तगारो भएर खडा भइरहेका छन्" (यशैया ५९:२ रूपान्तरित)। पापले गर्दा परमेश्वर र मानिसको सम्बन्धमा कस्तो असर हुनेरहेछ भनेर बाइबलमा दिएका धेरै भनाईहरूमा यो एकदम स्पष्ट भनाई हो। बाँकि ५९ अध्याय यशैयाले त्यस

विषयमा व्यख्या गरेको पाइन्छ। सारा मानव इतिहासले यस कुराको पुष्टि गरिरहेको पाइन्छः पापले गर्दा परमेश्वरसँगको हाम्रो सम्बन्ध नास गर्दछ जसले गर्दा हाम्रो अनन्त जीवनलाई नै बिगारी दिन्छ। पापले परमेश्वरलाई हामीबाट टाढा ढकेल्ने होइन तर यसले हामीलाई नै परमेश्वरबाट टाढा ढकेलिदिन्छ।

**यशैया ५९:३लाई उत्पत्ति ३:८ले कसरी पुष्टि गर्दछ? मानिस पापकै कारणबाट टाढा हुने नीतिको ज्वलन्त उदाहरण अदनको बगैंचामा हामी यसरी पाउँछौं " अनि साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने, र मानिस र उनकी पत्नी बगैंचाका रूखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके।"**

परमेश्वरलाई वेवास्ता गर्नु वा त्याग्नु नै पापको प्रमुख लक्ष्य हो। पापले नै मानिसलाई परमेश्वरबाट फर्काइदिन्छ। पापले गर्दा मानिसलाई परमेश्वरबाटमात्र टाढा राख्ने होइन त्यो टाढा पारिने नतिजाले गर्दा मानिसहरू परमेश्वरबाट झन झन अलग हुने कठोर हृदयले ठाउँ ओगटिरहेको हुन्छ। पापले हामीलाई परमेश्वरबाट अलग राख्दछ। पापले गर्दा परमेश्वर मानिसहरूतिर आफ्नो हात अघि नबबढाउने भनेको होइन तर पापले गर्दा नै हामीप्रति परमेश्वरको हात बढाउने सबै प्रस्ताबहरूलाई त्यागीदिएका हुन्छन्। यो नबिर्सौं कि बाइबलको सम्पूर्ण विषयबस्तुहरूको निचोड यो छ कि परमेश्वरले पापी मानिसहरूलाई आफूतिर फर्काउन र उद्धार गर्न निरन्तररूपमा प्रयास गरिरहनुभएको थियो। त्यसकारण हाम्रो जीवनमा पापको कुनै तत्वलाई हस्तक्षेप गर्न दिनुहुन्न।

**तपाईंको आफ्नै जीवनमा पापले गर्दा तपाईं परमेश्वरबाट टाढिनुभएको यथार्थतालाई कसरी अनुभव गर्नु भएको छ? तपाईंको आफ्नै जीवनमा त्यसको समाधान केवल एकमात्र के भएको पाउनुभएको छ?**

## २. कसलाई क्षमा दिइएको छ? (यशैया ५९:१५-२१)

पापको समस्याको बारेमा यशैया ५९मा हामीलाई चकित पार्ने चित्रण प्रस्तुत गरिएको छ। भाग्यवस्, पापबाट उद्धार गरिने आशा पनि बाइबलले प्रस्तुत गर्दछ।

अघि बढ्नुभन्दा पहिले हामीले यो पहिलो प्रश्न गरौं, हामीमध्ये कतिजनाले पाप गरेका छौं? बाइबलले स्पष्टरूपमा यो किटानी गरेको छ कि हामी सबैले पाप गरेका छौं। कोहीसँग पाप छैन त्यसकारण ऊ मुक्तिको योग्य

छ भन्ने आधारमा मुक्ति पाउने होइन। कसैसँग थोरै पाप छ र त्यसलाई छोडे उसले स्वःत मुक्ति पाउने सम्भावना छ भन्ने पनि होइन। मुक्ति भनेको क्षमाको आधारमा पाइन्छ ("'परमप्रभुलाई चिन' भनेर अब उसो कुनै मानिसले आफ्नो छिमेकीलाई वा आफ्ना दाजुभाइलाई सिकाउनेछैन। किनकि सानादेखि लिएर ठूलासम्म तिनीहरू सबैले मलाई चिन्नेछन्," परमप्रभु भन्नुहुन्छ। "किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु, र म तिनीहरूका पाप फेरि कहिल्यै सम्झनेछैनँ" यर्मिया ३१:३४)। सबै जना पापी छौं भनेर पावलले सहमती जनाउँछन् (रोमी ३:९-२०, २३)। येशूलाई विश्वास गरेर क्षमा पाउने र मुक्ति पाउने कुरामा कसैलाई भेद गरिन्दैन (रोमी ३:२२) अर्थात् सबैले पाप गरेको कारण सबै क्षमा र मुक्तिको योग्य हुनसक्छ। जो निर्दोष ठहरिएर न्याय गरिएको हुन्छ भने त्यो मानिसले केवल येशूको बलिद्वारा पाइने परमेश्वरको धार्मिकताको बरदान वा उपहारलाई विश्वासद्वारा ग्रहण वा स्वीकार गरेको कारणलेमात्र हो।

**हामीले मुक्ति कसरी पाउँछौं भने रोमी ३:२१-२४ले कसरी बताउँछ? त्यसले गर्दा न्यायको दिनमा वा परमेश्वरले गर्नुहुने न्यायमा हामी किन आशा राख्न सक्छौं? हेर्नुहोस्, " २१ तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। २२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्।"**

धेरैको न्यायको बारेमा यो जिज्ञासा छः कसले पाप गऱ्यो? तर त्यो प्रश्न गर्ने आवश्यकता नै छैन किनभने सबैले पाप गरेको छ। तर वास्तविक प्रश्न हुनुपर्ने यो हो, "कसले क्षमा पाएको छ? जसले येशूमाथि विश्वास गर्छ त्यो मानिस निर्दोष ठहरिन्छ भन्ने कुरामा परमेश्वर न्यायोचित भएको देखाउँछ (रोमी ३:२६)। न्यायको निर्णायक तत्व यो हो कि, कसले क्षमा पाएको छ र येशूमा विश्वास गरेर निरन्तररूपमा क्षमा पाइरहन्छ?

यो कुरो सत्य हो कि हाम्रो कामको सिलसिलाले पनि हामीहरूप्रति गरिने न्यायलाई प्रभाव पार्दछ तर यसको अर्थ यो होइन हामीले गरेको काम, धर्मकर्मवाट हामी मुक्ति पाउँछौं। यदि असल काम गरेर, धर्मकर्म वा

परोपकारी बनेर हामी मुक्ति पाउँछौं भने येशूप्रति हाम्रो आस्था वा विश्वासको कुनै मतलब हुँदैन (रोमी ४:१४)। बरु हामीहरूको कामले यो प्रकट गर्दछ कि हामी पक्कागरि मुक्ति पाएका छौं कि छैनौं वा मुक्ति पाएकै कारणले हामी असल काम गर्दछौं (याकूब २:१८)।

**कामले हामीलाई किन मुक्ति दिइन्दैन? अहिले होस् वा न्यायको समयमा होस् कामले हामी धर्मी ठहरिँदैनौं। हेर्नुहोस्, रोमी ३:२०,२३ " २० व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ।... २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्।"**

असल कामहरू गरेर वा धर्मकर्म गरेर वा दश आज्ञाहरू पालन गरेर मुक्ति पाउँछुँ भनेर सोच्दा मुक्तिको निम्ति ढिलो भइसकेको हुन्छ। यस पापी संसारमा दश आज्ञाको उदेश्य भनेको मानिसलाई मुक्ति दिने कदापी होइन तर यसले पापलाई औंल्याउछ। बरु, "विश्वासद्वारा प्रेमले अभिप्रेरित भएर" (गलाती ५:६ रूपान्तरित) र परमेश्वरको आत्माले मानिसको हृदयमा प्रेमले भर्दा (रोमी ५:५) त्यो मानिस येशूमा जीवित विश्वास छ कि छैन भनेर उसको आचरणले देखाउँछ (याकूब २:२६ "जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरूदेखि अलग हुँदा मरेको हुन्छ")।

मानिसमा मुक्तिदिने आस्था वा विश्वास छ कि छैन भनेर उसले बाहिरी व्यवहारले प्रकट गर्दछ। त्यसकारण सत्य इसाई अनुभवले दैनिक जीवनमा विश्वासद्वारा परमेश्वरप्रति बफादार छ कि छैन भनेर देखाउँदछ। त्यो बफादार हुनुभनेकै परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूलाई मानेर देखाउँछ। परमेश्वरले पढ्न सकेको विश्वास जस्तै विश्वासका सोचहरू पढ्ने नसक्ने वा बुझ्न नसक्ने मानिसहरूले तिनीहरूको कामव्यवहारद्वारा परमेश्वरले न्याय गर्नुहुन्छ। तर येशूलाई विश्वास गरेर परिबर्तित जीवन बिताउने मानिसले येशू र पवित्र आत्माले शक्तिसम्पन्न भएरमात्रै काम गरे न्यायको दिनमा त्यो महत्त्वपूर्ण हुन आउँछ। येशू ख्रीष्टलाई विश्वास गर्दा त्यो भन्दा पहिले गरेका पापमय जीवनलाई थुमाको रगतले धोइसकेको हुन्छ (यस सन्दर्भमा रोमी ६ अध्यायले स्पष्ट पार्दछ)।

## ३. विश्वव्यापी अनुरोध वा आह्वान (यशैया ६०:१,२)

**यशैया ६०:१,२ले केको चर्चा गरिरहेको छ? यहाँ केही नीति देख्नुहुन्छ जुन बाइबभरि छरिएको छ? यसमा तपाईंले के आशाको किरण देख्नुहुन्छ? हेर्नुहोस्, "१ "उठ्, प्रकाशमान् हो, किनकि तिम्रो प्रकाश आएको छ, र परमप्रभुको महिमा तिमीमाथि उदाएको छ। २ हेर, अँध्यारोले पृथ्वीलाई, र घोर अँध्यारोले मानिसहरूलाई ढाकेको छ, तर परमप्रभु तिमीमाथि चम्कनुहुन्छ, र उहाँको महिमा तिमीमाथि प्रकट हुन्छ।"**

यशैया ६०:१,२मा समसामयीक, सान्दर्भिक र महत्त्वपूर्ण पदहरू समेतिएको छ। यहाँ परमेश्वरले आफ्ना जनहरूलाई उद्धार गरिने चित्रण गरिएको छ। परमेश्वरका जनहरू युद्धबन्दी भएर विदेशमा प्रवासी र विदेशी भएर जीवन बिताइरहेका थिए। तर अन्धकार र अन्योल संसारमा तिनीहरू उज्यालो भएर चम्किने ज्योति हुनेछन्। यो स्थिति परमेश्वरले सृजना गर्नुहुनेछ भनेर ती पदहरूमा प्रतिज्ञा गरिएको छ। येशू ख्रीष्टद्वारा पाइने मुक्तिमा त्यसले मूर्तरूप लिनेछ वा पूरा गरिनेछ भनेर त्यसले औंल्याउँछन्। अर्थात् अरू देशमा बन्दी, प्रवासी वा शरणार्थीको जीवन बिताइरहेका इस्राएलीहरूलाई अगाडि आउनुहुने येशूतिर नजर लगाऊ भनेर ती पदहरूले घचघचाउँछन्।

**कसको प्रकाश वा दिब्यज्योतिमा पृथ्वीका राष्ट्रहरू र राजा वा शासकहरू आउनेछन् भनेर प्रतिज्ञा गरिएको छ? हेर्नुहोस् यशैया ६०:३ "जाति-जाति वा राष्ट्रहरू तिम्रो प्रकाशमा र राजा वा शासकहरू तिम्रो प्रभातको ज्योतिमा आउनेछन्।"**

हिब्रू भाषामा त्यो व्यक्तिलाई नारी र एकबचनमा सम्बोधन गरिएको छ। **"उठ" भनेर** (यशैया ६०:१,२) सम्बोधन गरिएको **व्यक्तित्व "सियोन" हुनुपर्छ** जुन नारी भनेर बुझिन्छ। यशैया ५९:२०मा परमेश्वरले यसरी बोल्नुभएको छ "आफ्ना पापको पश्चात्ताप गर्ने याकूबका सन्तानहरूका निम्ति मुक्तिदाता सियोनमा आउनुहुनेछ," परमप्रभु घोषणा गर्नुहुन्छ।" जसरी पृथ्वीलाई धर्ती भनेर नारीको संज्ञा दिइन्छ भने "सियोन"लाई पनि नारी भनेर सम्बोधन गर्नुमा अचम्म मान्नुपर्दैन। संसारका मानिसहरू जो अन्धकारमा गुम्सिएका छन् तिनीहरू सियोनमा आउनेछन् रे! परमेश्वरको ज्योतिको महिमा तिनीहरूमाथि चम्किएकोले तिनीहरू त्यस चमकमा आकर्षित भएर आउनेछन् (यशैया ६०:२)। "आफ्नो ज्योतिमा पस्न सियोनलाई आह्वान गरिएको छ र जब जाति जातिहरू त्यही ज्योतिमा जम्मा हुन्छ तब तिनीहरूको प्रतिक्रिया हेर्न उनालाई

आह्वान गरिएको छ"-जे. एलेक मटियर, *द प्रोफेसी अभ आइजायाः आन इन्ट्रोडक्सन एण्ड कमेन्टरी,* पृ. ४९४बाट रूपान्तरित। यो पनि थाहा पाउनुहोस् कि सियोन यरुशलेम भएतापनि सहरको भौतिक संरचनालाई सम्बोधन नगरि त्यहाँका मानिसहरूलाई सम्बोधन गरेर वढि जोर गरेको बुझ्नुपर्छ।

यशैया ६०को बाँकि भाग पद १-३कै विषयमा अघि बढाएको देखिन्छः संसारका मानिसहरू यरुशलेमतिर खिँचिएका छन्। परमेश्वरको महिमित उपस्थिति त्यहाँ भएकोले त्यो सहर आशिषित भएको हुन्छ।

**यो भविष्यवाणी परमेश्वरले अब्राहमसँग बाँध्नुभएको करारलाई तुलना गर्दा कस्तो देखिन्छ? के ती दुवैले एउटै विषयबस्तु भनिरहेको होइन तर? हेर्नुहोस्, उत्पत्ति १२:२,३ "२ “म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ।३ तिमीलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।”**

जब परमेश्वरले अब्राहमलाई चुन्नुभयो तब परमेश्वरको दिमागमा केवल एक जाति र उनका सन्तान्, एक स्थान वा देशलाई मात्र आशिष पाउने भन्ने थिएन तर सारा विश्व वा जगतले आशिष पाउन् भन्ने उहाँको लक्ष्य थियोः अब्राहमद्वारा यस पृथ्वीका सबै परिवारहरूले आशिष पाउन् (उत्पत्ति १२:३, उत्पत्ति १८:१८, उत्पत्ति २२:१८)। त्यसकारण परमेश्वरले अब्राहमसँग बाँध्नुभएको करार अन्तमा गएर अब्राहमद्वारा सारा मानव जातिलाई बाँधिने लक्षित थियो। अब्राहम र उनका सन्तानहरू सारा संसारमा परमेश्वरको बारेमा प्रकट गरिने कुराहरूको माध्यम हुनुपर्ने परमेश्वरको चाहना हो।

उनका मानिसहरूलाई पौराणिक, जगतव्यापि भविष्यमा फर्कन यशैयाले प्रयास गरेका थिए। सत्य परमेश्वरका प्रतिनिधिहरू भएकोले तिनीहरू आफूहरूको लागिमात्र होइन सारा संसारको निम्ति जिम्मेवारी थिए। कोही विदेशी, अरू जाति जसले परमेश्वरलाई खोज्छ तब तिनीहरूले तिनीहरूलाई हृदयदेखि स्वागत गर्नुपर्थ्यो किनभने उहाँको मन्दिर सारा मानिस जातिको निम्ति प्रार्थनाको घर हुनुपर्ने थियो। हेर्नुहोस् यशैया ५६:३-८ "३ परमप्रभुसँग आफूलाई बन्धनमा बाँधेको कुनै विदेशीले यसो नभनोस्, “निश्चय नै परमप्रभुले मलाई आफ्नो प्रजाबाट अलग गर्नुहुनेछ।” कुनै पनि नपुंसकले यस्तो उजूर

नगरोस्, “हेर, म त सुकेको रूख हुँ।” ४ किनकि परमप्रभु भन्नुहुन्छ, “मेरा शबाथहरू पालन गर्ने, मलाई इच्छा लागेको काम गर्ने, र मेरो करारलाई दृढ़तापूर्वक समात्ने नपुंसकहरूलाई ५ म मेरो मन्दिर र त्यसका पर्खालहरूभित्र छोराछोरीहरूभन्दा पनि अझ असल स्मारक तुल्याउनेछु, र तिनीहरूलाई अझ असल नाउँ दिनेछु। म तिनीहरूलाई कहिल्यै नकाटिने अनन्तको नाउँ दिनेछु। ६ “परमप्रभुको सेवा गर्न, परमप्रभुको नाउँलाई प्रेम गर्न र उहाँको आराधना गर्न, शबाथ-दिन बिटुलो नपारी मान्न र मेरो करार पालन गर्न परमप्रभुमा बाँधिएका सबै विदेशीहरूलाई ७ म मेरो पवित्र पर्वतमा ल्याएर मेरो प्रार्थनाको घरमा आनन्दित तुल्याउनेछु। तिनीहरूका होमबलि र बलिदानहरू मेरो वेदीमा ग्रहणयोग्य हुनेछन्, किनकि मेरो भवन सबै जातिहरूका निम्ति प्रार्थनाको घर भनिनेछ।” ८ इस्राएलका निकालिएकाहरूलाई भेला गराउनुहुने– परमप्रभु परमेश्वर यो घोषणा गर्नुहुन्छ, “भेला भइसकेकाहरू बाहेक म तिनीहरूकहाँ अझै अरूलाई पनि भेला गर्नेछु।”

**यस परिवेशमा सेभेन्थ-डे एडभेन्टिस्टको भूमिका तपाईंले कसरी बुझ्नुभएको छ? अझ खास गरेर भन्ने हो भने चर्चमै तपाईंको व्यक्तिगत भूमिका के छ?**

## ४. "परमेश्वरको प्रशन्नता वा स्वीकार्य वा उहाँको पक्षको वर्ष" (यशैया ६१:२ रूपान्तरित)

**यशैया ६१:१मा कसले सम्बोधन गरिरहेको छ? हेर्नुहोस्, "परमप्रभु परमेश्वरका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति परमप्रभुले मलाई अभिषेक गर्नुभएको छ। मन भाँचिएकाहरूको हृदयलाई बाँध्न, कैदमा परेकाहरूलाई स्वतन्त्रता दिन र बन्धनमा परेकाहरूलाई छुटकाराको घोषणा गर्न उहाँले मलाई पठाउनुभएको छ।"**

यस अभिषेक गरिएको व्यक्तिमाथि परमेश्वरको आत्मा थियो। त्यसको अर्थ उहाँ मसीह वा उद्धारकर्ता हुनुहुन्छ। उनको काम भनेको "**गरीबहरूलाई सुसमाचार सुनाउने, मन भाँचिएकाहरूको हृदयलाई बाँध्ने, कैदमा परेकाहरूलाई स्वतन्त्रता दिने र बन्धनमा परेकाहरूलाई छुटकाराको घोषणा गर्ने" (यशैया ६१:१)**। यो कसको बारेमा वर्णन गरिएको हो त? यो यशैया ४२:१-७सँग तुलना गर्नुहोस्। यहाँ पनि परमेश्वरको सेवकको वर्णन त्यस्तै खालको छ। हेर्नुहोस् " मेरो दासलाई हेर! म उसलाई सम्हाल्नेछु, उसलाई मात्र रोजेको हुँ।

अनि म उसँग एकदम खुशी छु। मैले मेरो आत्मा उसमा हालीदिए। उसले जातिहरूमा निष्पक्ष न्याय गर्नेछ।
२ उनी गल्लीहरूमा कराएर बोल्ने छैनन्, उनी चिच्याउनेछैनन्, नत उच्च स्वरमा कराउने छन्। ३ ऊ भद्र हुनेछ। उसले पानीको छेउमा उम्रने निगालो सम्म भाँच्ने छैन। उसले निभ्न लागेको कम्जोर दियोलाई सम्म फुकी निभाउने छैन्। उसले निष्पक्ष रूपमा जाँच गरेर सत्य कुरा निकाल्ने छ। ४ उसले जबसम्म संसारमा खास इन्साफ ल्याउने छैन तबसम्म उ कमजोर हुने छैन। नत शिथिल नै हुने छ। अनि टाढा देशमा बस्ने मानिसहरूले उनमाथि विश्वास राख्नेछन्। ५ परमप्रभु, साँचो परमेश्वरले यी कुराहरू भन्नुभयो। परमप्रभुले आकाशहरू बनाउनु भयो। परमप्रभुले आकाशलाई पृथ्वीभरि नै फैलाउनु भयो। उहाँले पृथ्वीमा अन्य थोकहरू पनि बनाउनु भयो। परमप्रभुले पृथ्वीमा भएका सारा मानिसहरूभित्र प्राण संचार गर्नुहुन्छ। परमप्रभुले प्रत्येक मानिसलाई आत्मा प्रदान गर्नु भयो जो पृथ्वीमा हिँड्दछन्। ६ "म, परमप्रभुले, तिमीलाई मेरो धार्मिकता-अनुसार बोलाएको छु। म तिम्रो हात समाउने छु। अनि म तिम्रो रक्षा गर्नेछु। तिमी त्यस्तो चिन्ह हुनेछौ जसले देखाउँदछ। मानिसहरूसँग मेरो करार भएको। तिमी सारा मानिसहरूका निम्ति प्रज्वलित ज्योति हुनेछौ। ७ तिमीले अन्धाका आँखाहरू खोलि दिने छौ, अनि तिनीहरूले देख्न सक्नेछन्। धेरै मानिसहरू कैदमा छन, तिमीले तिनीहरूलाई स्वतन्त्र पार्नेछौ, धेरै मानिसहरू अन्धकारमा बस्दछन् तिमीले तिनीहरूलाई त्यस कैदबाट निकाल्नेछौ।"

यशैया ६१:२मा "परमेश्वरको प्रशन्नता वर्ष वा उहाँको निम्ति स्वीकारीय वर्ष" भनेर चर्चा गरिएको छ। दाउद राजाको बंशमा अभिषेक गरिएको मसीहले परमेश्वरले मनपराउनुभएको विशेष वर्षको बारेमा घोषणा गर्नेछन्। त्यो घोषणा हो मानिसहरूलाई स्वतन्त्र बनाउने। यो लेबी २५:१०सँग तुलना गर्नुहोस् जहाँ परमेश्वरले इस्राएलीहरूलाई पवित्र ५०सौं वर्ष दासहरूलाई मुक्त गर्ने घोषणा गर्न आदेश दिनुभएको थियो " तिमीहरूले पचासौं वर्षलाई विशेष वर्ष रूपमा मनाउनेछौ अनि सारा देशका सबै मानिसहरूको निम्ति स्वतन्त्रताको घोषणा गर्नेछौ, जसलाई जयन्ती उत्सवको रूपमा मनाइनेछ। यस समयमा प्रत्येक मानिसले आफ्नो सम्पत्ति फिर्ता पाउनेछ। प्रत्येक सेवक आफ्नो घरमा फर्किनेछ। आफ्नो घर-जमीनमा जानेछ, आफ्नो परिवार भएकोमा फर्केर जानेछ" (सरल नेपाली बाइबल)। त्यसको अर्थ कठिन परिस्थितिमा पुर्खौली जग्गा बेच्न वाध्य भएकाहरू वा दास

वा कमैया भएर संघर्ष गर्नुपर्नेहरू ५० वर्षमा आफ्नो जग्गा फिर्ता पाउने छन् र स्वतन्त्र हुनेछन् (लेबी २५:२५-५५)। जयन्तीको वर्ष पश्चातापको दिनमा तुरही फुकेर सुरु हुनेभएको (लेबी २५:९) भनेर त्यसलाई गाँसेर व्याख्या गरिएको हामीले यशैया ५८मा हेर्‍यौं।

यशैया ६१:२मा उल्लेखित "परमेश्‍वरको प्रसन्नताको वर्ष वा परमेश्‍वरले मन पराउनुभएको वर्ष" (रूपान्तरित) जयन्तीको वर्ष जस्तो भएतापनि यो केवल लेबी २५मा उल्लेख गरिएको परम्परा मान्ने खालको जस्तो होइन। यो वर्ष मसीहले घोषणा गर्नुहुने हो जुन उहाँका जनहरूलाई उद्धार गर्ने र पुनर्स्थापना गर्ने सेवाद्वारा प्रकट हुन्छ। पौराणिक मेसोपोटामिया सभ्यताका राजाहरूले पनि आफ्नो राज्यकालको सुरुमा सामाजिक दया देखाउन ऋण माफी दिएर मानिसहरूलाई हर्षित पार्दथे। मसीहको सेवाकार्य लेबी २५को व्यवस्थाको परिधिभन्दा बाहिर जानेहुन्छ। बन्धनमा परेकाहरूलाई स्वतन्त्रको घोषणा गर्नेमात्र होइन उहाँले हृदय चिढिएकाहरूलाई पनि मर्मत गर्नुहुन्छ, शोकमा पर्नेहरूलाई उहाँले सान्त्वना दिनुहुन्छ र पुनर्स्थापना पनि गर्नुहुनेछ (यशैया ६१:१-११)। अझ परमेश्‍वरको प्रशन्नताको वर्षमा परमेश्‍वरले दुष्टहरूको बदला पनि लिनुहुनेछ (यशैया ६१:२)।

यशैयाको यो भविष्यवाणी कहिले पूरा भयो? हेर्नुहोस्, लूका ४:१६-२१ " येशू, आफु हुर्केको शहर नासरतको पनि यात्रा गर्नु भयो। विश्रामको दिनमा अघि झैं उहाँ सभाघरमा जानु भयो। उहाँ त्यहाँ (धर्मग्रन्थबाट) केही पढनलाई उभिनु भयो।१७ यशैया अगमवक्ताद्वारा लेखिएको ग्रन्थ उहाँलाई दिईएको थियो। उहाँले ग्रन्थ पल्टाउनु भयो अनि एक ठाउँ जहाँ निम्नलिखित कुरा लेखिएको भेट्टाउनु भयोः १८ परमप्रभुको आत्मा ममाथि छ। परमेश्‍वरले मलाई अभिषेक गर्नुभएकोछ, केही पनि नभएका मानिसहरूमा सुसमाचारहरू सुनाउनलाई परमेश्वरले मलाई घोषणा गर्नु पठाउनु भएकोछ, कैदीहरूलाई मुक्त पार्न अनि अन्धो मानिसहरूलाई देख्न सक्ने पार्न अनेकौं यातनामा पिल्सिएका मानिसहरूलाई मुक्त पार्न परमेश्वरले मलाई पठाउनु भएकोछ। १९ अनि घोषणा गर्न कि आफ्नो मानिसहरूलाई बचाउन परमप्रभुको उचित समय आएको छ।” उहाँले ग्रन्थ बन्द गर्नुभयो। उहाँले त्यो ग्रन्थ सहयोगीलाई दिएर त्यहीं बस्नुभयो। सभा घरमा भएका प्रत्येक मानिसले उहाँ लाई हेरिरहेका थिए।

२१ येशू तिनीहरूसंग बोल्न थाल्नु भयो उहाँले भन्नु भयो,"मैले तिमीहरू अघि जो धर्मग्रन्थको अंश पढे त्यो आज पढदै गर्दा नै पूर्ण भयो।" येशूको सेवाकार्यमा यो भविष्यवाणी कसरी पूरा भयो? तपाईं आफैले यो महत्त्वपूर्ण प्रश्न सोध्नुहोस्ः हामी येशू त पक्कै होइनौं। तर यस संसारमा हामीले उहाँको प्रतिनिधि भएर काम गर्नुपर्ने हो। यशैया ६१ः१-३मा मसीहले के काम गर्नुहुन्छ भनेर व्यक्त गरिएको छ जुन हामी हाम्रो सिमित साधन र क्षमताले भ्याएसम्म गरिरहनुपर्ने हो? व्यवाहारिक दृष्टिकोणले हामी के गर्नसक्छौं जुन येशूको सेवालाई प्रतिबिम्ब गर्न सक्छौं?

## ५. "पापीहरूलाई दण्ड दिने वा बदला लिने दिन" (यशैया ६१ः२ रूपान्तरित)

यशैया ६१मा चित्रण गरेको अनुसार मसीह आउनुहुने खुशीको खबरको बीचमा परमेश्वरले दण्ड दिने वा बदला लिने जस्तो भयाभव सन्देश किन दिइयो? यो भविष्यवाणी कहिले पूरा भयो?

आफ्नो गाउँ नाजरथमा येशूले आफ्नो नियमित चलन अनुसार साबथमा यहूदीहरूको सभा घर सिनिगगमा जानुहुन्थ्यो। तर जब उहाँको सेवाकार्यको दिन सुरु हुन लागेको थियो त्यसबेला एक साबथ सिनिगगमा जाँदा उहाँलाई धर्मशास्त्रको मुठ्ठा दिइएको थियो र त्यसबाट पढ्न अनुरोध गरिएको थियो। उनले त्यहाँबाट यशैया ६१ पल्टाउनुभयो र त्यसबाट पढेर परमेश्वरको प्रशन्नताको वर्षलाई पढ्नुहुँदै (यशैया ६१ः२, लूका ४ः१९) एक छिन रोक्नुभयो र अनि भन्नुभयो, "आज तपाईंहरूले यो धर्मशास्त्रको वचन सुन्दै गर्दा तपाईंहरूकै माझमा पूरा भएको छ" (लूका ४ः२१)। उहाँले जाना जानै विशेष गरेर त्यही बाक्यको अर्को शब्दहरू पढ्नु भएन जसमा लेखिएको थियो "हाम्रो परमेश्वरको दण्ड वा बदला लिने दिन आयो" (यशैया ६१ः२ रूपान्तरित)। शैतानको निरङ्कुस पासोबाट मानिसहरूलाई उद्धार गर्ने र सान्त्वनाको वचन दिने समय येशूको सुसमाचार सुनाउने सेवाकार्यको सुरुमा भएको थियो तर दण्ड वा पापीहरूलाई बदला लिने समयचाहिँ आएको थिएन जुन आउनेवाला नै थियो। मत्ती २४, मर्कूस १३ र लूका २१मा येशूले चेलाहरूलाई स्पष्टरूपमा यो भविष्यवाणी गर्नुभएको थियो कि परमेश्वरको न्याय भविष्यमा आउनेछ।

हो, यशैया ६१को अनुसार परमेश्वरले दण्ड दिनुहुने दिन डरलाग्दो र भयाभव हुनेछ (योयल २ः३१, मलाकी ४ः५)। तर यो त्यसबेला पूरा हुनेछ जब येशू ख्रीष्ट फेरि आउनुभएर उहाँका शत्रुहरूलाई परास्त्र गरेर यस संसारमा

भइरहेको अन्याय, दवाव र अत्याचारबाट उहाँका बचेखुचेका जनहरूलाई सदाको निम्ति स्वतन्त्र पार्नुहुनेछ (प्रकाश १९, दानिएल २:४४,४५)। त्यसकारण येशूले परमेश्वरको प्रशन्नताको वर्षको सुरुको घोषणा गर्नुभएको थियो भने यसको चरमबिन्दु उहाँको दोस्रो आगमनमा सम्पन्न हुनेछ। वा परमेश्वरका विद्रोही र उहाँका जनहरूलाई यातना दिने शैतान र उसका मतियारहरूलाई ध्वस्त पारेर यथार्थमा परमेश्वरको प्रशन्नताको दिन सुरु हुनेछ।

सदाशयी, प्रेमिलो, कृपालु परमेश्वरले दुष्टहरूलाई दण्ड दिनुहुनेछ भन्ने प्रतिज्ञा वा कबूललाई हामीले कसरी पचाउने? प्रेमिलो परमेश्वर रे अनि दण्ड दिने क्रुद्ध परमेश्वर रे? उहाँको स्वभाव के बाझिएन र? वा बदला नै परमेश्वरको प्रेमको उपज हो भनेर के तपाईंले बुझ्न सक्नुहुन्छ? यो कस्तो स्वभाव हो? बुझ्न खोज्नुहोस्।

मत्ती ५:३९ येशूले हामीलाई भन्नुभएको छ कि यदि कसैले हाम्रो एउटा गालामा हिर्कायो भने अर्को गाला पनि थापिदिनु तर उहाँले मत्ती ८:१२मा उहाँले यो स्पष्ट गर्नुभएको छ कि अन्याय गर्नेलाई दण्ड दिइनेछ। १ थेस्सोलिनिकी ५:१६मा खराबको बदलामा खराब नगर भनेर पावले हामीलाई भनेको त छ तैपनि परमेश्वरलाई नचिन्ने वा चिन्न नचाहनेहरूलाई परमेश्वरले स्वर्गबाट आगो वर्षाएर त्यसको बदला लिनुहुनेछ (२ थेस्सोलिनिकी १:८)।

तर परमेश्वरले जे गर्नुहुनेछ त्यो हाम्रो मानवीय स्वभाव अनुसार गर्नुहुन्न। उहाँले जे गर्नुहुन्छ सो उहाँको अनन्तको दया, ज्ञान र बुद्धिलाई परिचालन गरेर नै न्यायोचितरूपमा उहाँले न्याय गर्नुहुनेछ र बदला लिनुहुनेछ। उहाँले जे गर्नुहुनेछ त्यो सारा मानव जगतलाई सर्वमान्य हुने गरि पूरा उचित न्याय गर्नुहुनेछ। मानिसले गर्ने न्यायको फैसला, मानिसले लिने बदलामा विभिन्न भूल, कमी कमजोरी र मानवतावादको सम्मानलाई प्रायजसो धक्का पार्ने किसिमले नै गरेको हुन्छ। तर परमेश्वरले गर्नुहुने न्यायमा ती कुनै पनि मानव कमिकमजोरी र मानिसका सिमित ज्ञान घुसेको हुँदैन।

देहायका केही घट्नाहरू हेर्नुहोस्। कसले सजायँ पाएको तपाईं देख्न चाहनुहुन्छ? (१) तपाईंले प्रेम नगरेको मानिस जसले अरूलाई दुःख वा आतङ्कित बनाउनेलाई कि (२) तपाईंले प्रेम गर्नेलाई कसैले आतङ्कित वा नोक्सान गर्नेलाई? यो जवाफमा तपाईंले परमेश्वरको प्रेम हामीमाथि

बर्षाउनुभएको र उहाँले गर्नुहुने बदलाको चेतावनीलाई कसरी राम्रोसँग बुझाउन खोज्दछ?

## उपसंहारः

थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित, पाट्रियार्क एण्ड प्रोफेटस, पृ. ३७६-३७८ र द दिजाएर अभ एजेज, पृ. २३६-२४३।

"आफ्नो बारेमा गरिएको भविष्यवाणी जीवितरूपमा उजागर भएको प्रमाणित गरेर येशू मानिसहरूको बीचमा उभिनुभएको थियो। जब येशूले परमेश्वरका वचनहरू पढ्नुभएको थियो तब उहाँले व्याख्या गर्दै मसीहको बारेमा भन्नुभयो कि उनी दवाव र शोषणमा परेकाहरूलाई उद्धार गर्न, बन्दीहरूलाई छुटकारा दिन, कष्टमा परेकाहरूलाई चङ्गाई गर्न, अन्धालाई आँखा दिन र यस संसारमा सत्यको ज्योति प्रकट गर्न आउँछन्। जुन प्रभावकारी ढङ्गले उहाँले वचन सुनाउनुभयो र उहाँले गजबसँग आफ्नो लवजलाई प्रयोग गर्नुभयो त्यसले श्रोताहरू अत्यन्तै आनन्दले प्रफुल्लित भएका थिए। उहाँले जस्तो शक्तिसम्पन्न भएर कसैले पनि वचन दिएको थिएन। परमेश्वरको शक्तिको प्रभावले मानिसमा भएको प्रत्येक तगारो भाँचिएको थियो। मोशाले जस्तै ती मानिसहरूले अदृष्य परमेश्वरलाई देखिरहेका थिए। जत तिनीहरूका हृदयहरू पवित्र आत्माले हल्लाइ रहेका थिए तब तिनीहरू सबैले प्रफुल्ल भएर आमेन भन्दै परमेश्वरको प्रशंसा गरिरहेका थिए।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. २३७बाट रूपान्तरित।

"परमेश्वरले दिनु हुने दण्डको दिन उहाँको क्रोधले आगो भएर आउनेछ। उहाँको आगमनको सामु को उभिन सकिन्छ र? मानिसहरूले परमेश्वरको आवाज वा पवित्र आत्माले विवेकमा बोलिरहेका स्वरलाई दबाएर आफ्ना हृदयहरूलाई कठोर पारेका थिए। परमेश्वरप्रति विश्वासीलो हुनुपर्ने हृदयलाई कठोर बनाउँदा उहाँको वचनलाई मान्न नचाहनेलाई उहाँको क्रोधको बाणहरूले छेड्नेछन्। जिन्दगीभर पापलाई पोषाउन रमाउनेहरूलाई अब त्यस्ता पापीहरूसँग कारोबार गर्न उहाँले हात बढाउनुहुनेछैन। झुठा गोठाला वा इसाई नै हुँ भनेर झुठको खेती गरि परमेश्वरका आज्ञाहरूलाई लत्याउनेहरू त्यो दिनमा के सुरक्षित हुनसक्छ होला र? परमेश्वरको वचनलाई नमानी उच्छङ्खल भएर अनाज्ञाकारीको हुलमा बस्न रुचाउनेहरूले त्यो दिनमा के तिनीहरूले केही बहाना निकाल्न सकेला? धेरै मानिसहरूको बीचमा लोकप्रिय भयो भन्दैमा के

परमेश्वरको आवाजप्रति कठोर हृदय हुनेहरू निर्दोष होला र? बेथितिमा र परमेश्वरको वचनप्रति लापर्वाही गरेर चल्नेहरूले ती प्रश्नहरू आफैले सोधेर आफ्नो निधो आफैले गर्नुपर्ने आवश्यक भएको ठान्नुपर्दछ।"-एलेन जी ह्वाइट, फेथ दाट वर्कस्, पृ. ३३बाट रूपान्तरित।

**चिन्तनमननः**

एक दिन एक जना सेभेन्थ-डे एडभेन्टिस्ट पास्टरले यो गुनासो व्यक्त गरे। उनले गर्ने सेवाकार्यको पहिलो ठूलो समस्या भनेकै उनका चर्चमा कतिजना मानिसहरू छन् जो अरूलाई भित्राउन चाहन्दैनन्। चर्चमै आउने मानिसहरूलाई येशूको नीति अनुसार परमेश्वरको राज्यको सुभ समाचार सुनाउने (मत्ती २४:१४) क्रममा प्रेम, आशा र शहिष्णुता देखाउन सकेन भने के कोही आफूलाई "इसाई हुँ" भनेर दावी गर्न सुहाउँछ त?

सारांशः अन्यायी, अत्याचारी र निर्दयी समाजलाई परमेश्वरले शुद्ध गर्नुहुनेछ। उहाँले उहाँको विद्रोह गर्ने र पापमै रमाउनेहरूलाई हटाएर पापबाट फर्केर उहाँको निम्ति अलग भएर बस्ने बचेखुचेका सन्तानलाई पुनर्स्थापना गरेर त्यो शुद्धिकरणको काम उहाले सम्पन्न गर्नुहुनेछ। परमेश्वरकै उपस्थितिको आशिषले गरेर उहाँका जनहरू र अरू राष्ट्रका मानिसहरू उहाँतिर आकर्षित हुनेछन्। तिनीहरू सबै जना मिलिजुली परमेश्वरको प्रसन्नताको दिनको रमाइलोमा भाग लिनेछन्। त्यो दिन मसीहले आफ्ना जनहरूलाई उद्धार गरि घोषणा गर्नुहुनेछ।

## कथा १२
## उपद्रव गर्ने कक्षा एकको विद्यार्थी
## ल्युडमिला कोमकोभा, २४, युक्रेन

युक्रेन देशको बुचा भन्ने सहरको सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलमा पढाइहरेकी शिक्षिका ल्युडमिलालाई एक जना ६ वर्षको माभेइ भन्ने विद्यार्थीले क्लासमा दुःख दिइरहेको थियो। उसलाई के गर्ने भनेर उनलाई थाहा भएन। जब युक्रेन भाषाको क्लास हुँदै थियो मितभइले अरू जस्तो क्लासमा हात उठाएर प्रस्न सोध्दैनथ्यो बरू जुरुक्क उठेर चिच्याउँथ्यो, "मैले कहाँ लेख्नै?" हिसाब सिक्ने क्लासमा पनि अरूले जस्तै हात नउठाइ सोध्दैनथ्यो। ऊ एकदम चकचके थियो। "हामी कुन पानामा छौं?" भनेर चिच्याउँथ्यो। चुप लागेर बस्नु पर्छ र केही सोध्नुछ भने हात उठाउनुपर्छ भनेर उसलाई ल्युडमिलाले कतिपल्ट सम्झाएकी थिइन्। तर उसले नबुझेको जस्तो थियो र उसको ठूलो स्वरले क्लासमा धेरै बाधा हुन्थ्यो। कक्षा एकका अरू विद्यार्थीहरू एक आपसमा छिट्टै साथी बनेका थिए। तर मतभेइले अरूसँग साथी पनि बनाउन सकेको थिएन। अरूतिर वेवास्ता गरेको त थिएन र अरूहरूसँग ऊ बाझ्दथ्यो। तिनीहरूले भनेको कुरा उसलाई मन लागेन भने उसले तिनीहरूलाई हिर्काउँथ्यो। त्यसकारण उसलाई कसरी सम्हाल्ने भनेर ल्युडमिलालाई ठम्याउनै सकिनन्। विश्वविद्यालयबाट पढाइ सकेपछि यो उनको पहिलो सिकाउने काम पाएकी थिइन्। मतभेइले सिकोस र अरूलाई साथी बनाओस् भनेर उनी चाहन्थी।

सबैले मन पराउने गरेर उनले सिकाउँथिन्। तर त्यस केटोले केही पनि मतलब राखेको थिएन। उनले उसलाई सम्झाउन खोजिन् तर कामै लागेन। उनले उसलाई अनुशासनमा राख्न सकिनन्। केही हप्तापछि जब उनी स्कूलबाट घरमा फर्केकी थिइन् तब आजित भएर आफ्नो समस्या परमेश्वरमा राखिन्। "हे प्रभु, यस बालकसँग काम गर्न मलाई बुद्धिज्ञान र धैर्यता दिनुहोस्" परमेश्वरलाई आफ्नो पीडा पोखाइन्। बिहान पनि उनले फेरि प्रार्थना गरिन्, "प्रभु यस केटालाई सिकाउन मलाई मद्दत गर्नुहोस्। यसलाई कसरी सम्हाल्ने मलाई देखाउनुहोस्। सबै केटाकेटीहरूको निम्ति मलाई असल शिक्षिका बनाउनुहोस्।" मतभेइको निम्ति ल्युडमिलाले प्रत्येक दिन बिहान र बेलुका छ हप्तासम्म प्रार्थना गरिन्। एक दिन क्लासमा केही न केही भएको उनले महसुस

गरिन्। अरू बेला जस्तो मतभेइ उठेन र आफूसँग केही प्रश्न छ भनेर उसले चुपचाप हात उठायो। अरू साथीहरूसँग कचकच गर्न र पिट्न पनि रोक्यो। बरू तिनीहरूसँग नरम मिजासले कुरा पो गर्न थाल्यो। एक जना साथीको पेन्सिल हराएको र क्लासमा लेख्न नसकेको मतभेइले देख्यो। "मसँग भएको पेन्सिलले लेख्नु" भनेर आफ्नो पेन्सिल साथीलाई दियो।

त्यो देखेर ल्युडमिलाको हृदय छोयो। मतभेइसँग केवल एउटामात्र पेन्सिल थियो र उसले साथीलाई दिँदैथ्यो। अर्को साथीले मतभेइलाई पेन्सिलको आवश्यकता भएको देख्यो र उसले आफ्नो पेन्सिल दियो। मतभेइले साथीहरू पनि बनाउन थाल्यो। साथीहरूले पनि उसलाई मन पराउन थाल्यो। ऊ दयालु भएको थियो र आफूसँग भएको थोकहरू अरूलाई बाँड्न मन पराउन थालेको थियव। ल्युडमिलाको निम्ति यो ठूलो पाठ थियो। "म बुझ्छु कि हामी सबै जना परमेश्वरका केटाकेटी हौं। परमेश्वरले हामी प्रत्येकलाई आफ्नो प्रेम र धैर्यता देखाउनुहुन्छ। हाम्रो सम्पूर्ण जीवनभरि नै हाम्रो जीवनलाई असल बनाउन र चरित्रलाई सुधार्न परमेश्वरले काम गर्नुहुन्छ। मेरो जीवनमा उहाँले आश्चर्य काम गर्नुभयो। यति छिटो उहाँले मतभेइलाई परिवर्तन गर्नुहुन्छ भनेर मैले सोचै थिइँन" उनले भनिन्। "हामीले हामीले भ्यासम्म सबै थोक गरेपछि हामीले नसकेको काम उहाँले गर्नुहुन्छ भन्ने पाठ मैले सिकेको छु" थप्दै उनले यस लेखिकलाई सुनाइन्।

**-आन्ड्रयु मेकचेस्नी**